# नलगाड नगरपालिका
## खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी
## संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यबिधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१२।२८

नलगाड नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन २०८१ को दफा ६२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायका नियम बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यबिधिको नाम "नलगाड नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यबिधि,२०८१" रहनेछ ।

(२) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ;

(क) "आमभेला" भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५% घरहरुवाट प्रतिनिधित्व भएको भेलालाई जनाउँछ ।

(ख) "उपभोक्ता" भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ ।

(ग) "खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको सचिवालय" भन्नाले नियम (७) बमोजिमको सचिवालयलाई जनाउँछ ।

(घ) "खानेपानी, तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल" भन्नाले नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको नगरपालिका स्तरीय सञ्जाल जनाउँछ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँछ ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

(च) "खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति" भन्नाले नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि नगरपालिका अन्तर्गत गठन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति (WASH Management Committee) लाई जनाउँछ ।

(छ) "खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधि" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले तयार पार्ने "खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन कार्यविधिलाई जनाउँछ ।

(ज) "खानेपानी सुरक्षा योजना" भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

(झ) "नगरसभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको "नगर सभालाई जनाउँछ ।

(ञ) "धारा समूह" भन्नाले खानेपानी धाराको पानीको उचित प्रयोग, धाराको सामान्य मर्मत सम्भार र धारा सयमा सरसफाइ तथा स्वच्छता व्यवस्थापनको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येवाट गठित समूहलाई जनाउँछ ।

(ट) "मर्मत सम्भार कार्यकर्ता" भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ ।

(ठ) "मर्मत सम्भार कार्ययोजना" भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

(ड) "मर्यादित महिनावारी व्यवस्थापन" भन्नाले महिनावारी भएको समयमा सुरक्षित स्थानमा बस्ने, पोषणयुक्त खानेकुराहरु खाने, सरसफाइ तथा

शेर बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

CamScanner

स्वच्छताका सुविधाहरु एवम् सामाजिक कार्यहरुमा विना भेदभाव सहभागि हुन पाउने अवस्थालाई जनाउँछ ।

(ढ) "योजना" भन्नाले खानेपानी तथा सरसफाइ योजनालाई जनाउँछ ।

(ण) "वडा" भन्नाले नगरपालिकाको वडालाई जनाउँछ ।

(त) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाको वडा अध्यक्षलाई जनाउँछ ।

(थ) "वडा समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा समितिलाई जनाउँछ ।

(द) "वडा कार्यालय" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा कार्यालयलाई जनाउँछ ।

(ध) "सहकारी संस्था" भन्नाले नगरपालिका अन्तर्गत कृयाशील सहकारी संस्थालाई जनाउँछ ।

(न) "सरसफाइ तथा स्वच्छता" भन्नाले नेपाल सरकारले तोकेको पूर्ण सरसफाइका सूचकहरु पूर्ण भएको अवस्थालाई जनाउँछ ।

## परिच्छेद २

## खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको व्यवस्था

३. <u>खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार:</u> ऐनको दफा ३१ बमोजिम गठित खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति ऐनमा लेखिए देखि बाहेक देहायबमोजिम रहनेछन् ।

(क) नीति निर्माण, योजना तथा बजेट तर्जुमा गर्दा वडा तथा नगरपालिका समन्वय समितिहरुसँग समन्वय कायम गर्ने,

(ख) नगरपालिकास्तरीय आवधिक योजना तर्जुमा, वास योजनाहरु तथा बजेट तर्जुमा तथा वास योजना जलउपयोग गुरुयोजना अद्यावधिक गर्ने कार्यमा योगदान गर्ने,

(ग) जलस्रोत क्षेत्रको योजना तर्जुमा तथा नीति निर्माणमा विज्ञ सेवा व्यवस्थापन गर्ने,

(घ) सार्वजनिक, संस्थागत, विद्यालय तथा स्वास्थ्य सेवाहरु लक्षित सरसफाइको योजना तर्जुमा गर्ने तथा बजेट व्यवस्थापन गर्ने,

(ङ) नगरपालिकालाई पूर्ण सरसफाइयुक्त नगरपालिका बनाउने गरी पूर्ण सरसफाइ सम्बन्धी योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम् सो का लागि बजेट व्यवस्थापन गर्ने,

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(च) नगरपालिकालाई मर्यादित महिनावारी व्यवस्थापनयुक्त नगरपालिका बनाउने गरी मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम तथा अभियानहरु तय गर्ने एवम् सो का लागि बजेट व्यवस्थापन गर्ने,

(छ) खानेपानी तथा सरसफाइ योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ठ कार्य गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत गर्ने तथा निष्कृय उपभोक्ता समितिहरुलाई रकम विनियोजन नगर्ने,

(ज) नगरपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने,

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको जोखिम पहिचान तथा विश्लेषण गारि पूर्व तयारी तथा जोखिम न्युनीकरण योजना तयार पारी कार्यान्वयन गर्ने ।

(ञ) तर्जुमा गरिएका कृयाकलापहरुको कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमन गर्ने,

४. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>- (१) समितिको बैठक आश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य–सचिवले बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा नगरपालिका उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ३

## खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको व्यवस्था

५. <u>खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको काम, कर्तव्य र अधिकार:</u> ऐनको दफा ३३ (३) मा लेखिए देखि बाहेक खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

(क) खानेपानी तथा सरसफाइ क्षेत्रको समष्टीगत विकास, विस्तार र सम्बर्द्धनका लागि नीति, रणनीति तथा कार्यनीति तर्जुमा ,

(ख) नीति, रणनीति तथा कार्यनीतिको कार्यान्वयनको सुपरिवेक्षण, अनुगमन तथा नियमन सम्बन्धी,

(ग) खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न सरकारी, गैरसरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी,

(घ) खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धित प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषयहरुमा परामर्श सम्बन्धी,

(ङ) स्थानीय स्तरमा गठित वा गठन हुने सबै प्रकारका खानेपानी तथा सरसफाइको क्षेत्रसँग सम्बन्धित समन्वय समितिको सचिवालय,

(च) खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न विकास साझेदार बीच समन्वय र सामन्जस्य सम्वन्धी,

(छ) खानेपानी तथा सरसफाइ सम्बन्धमा नगरपालिकामा पेश हुने विषयमा राय तथा परामर्श सम्बन्धी,

(ज) खानेपानी तथा सरसफाइ क्षेत्रको दीर्घकालिन योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी,

(झ) जल प्रदुषण रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, रणनीति, कार्यनीति एवं योजना तर्जुमा र कार्यान्वयनको सुपरीवेक्षण, अनुगमन तथा नियमन सम्बन्धी,

## परिच्छेद ४

## <u>वडा कार्यालयहरुको भूमिका तथा जिम्मेवारी</u>

६. <u>वडा कार्यालयहरुको भूमिका तथा जिम्मेवारी :</u> ऐनको दफा ३५ मा लेखिए देखि बाहेक वडा कार्यालयको भूमिका र जिम्मेवारी देहायबमोजिम रहनेछ ।

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी वडाको तथ्यांक अध्यवधिक गर्ने,

(ख) नगरपालिकाले तयार गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाको कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्ने,

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) वडा स्तरका विद्यालय स्वास्थ्य संस्था तथा बिभिन्न सार्वजनिक सेवा प्रदायक निकायहरुमा खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता भए नभएको सुनिश्चित गर्ने

(घ) विभिन्न टोलमामा टोल विकास संस्था तथा आमा समूहको परिचालन गरि सरसफाइ सम्बन्धी अभियान संचालन गर्ने

(ङ) वडा स्तरमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको अनुगमन गरी आवश्यक सहजीकरण तथा निर्देशन दिने ।

## परिच्छेद ५

## उपभोक्ता समिति संचानल तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

७. <u>उपभोक्ता समितिको कार्य समिति:</u> उपभोक्ता समितिको विधानमा कार्य समिति सम्बन्धमा व्यवस्था गर्दा लैङ्गिक समानता एवम् सामाजिक समावेशीकरणको आधारमा समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न देहायको व्यवस्था गर्नु पर्नेछ ।

(क) कार्यसमितिको संख्या कम्तीमा ७ र बढीमा १५ जनाको हुने,

(ख) कार्य समितिका कम्तिमा मुख्य २ पदमा महिलाको सहभागिता सहित कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गर्नु पर्ने र

(ग) कार्यसमितिमा समानुपतिक रुपमा समुदायका विभिन्न जातजाति तथा अपाङ्गता भएको व्यक्ति आदिको प्रतिनिधित्व हुनु पर्ने ।

८. <u>उपभोक्ताको बैठक</u> : (१) उपभोक्ता समितिको बैठक संचालन सम्बन्धी सामान्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाको विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) उपभोक्ता संस्थाको बैठकमा वडा अध्यक्ष तथा वडा सदस्यहरुले उपस्थित भै आवश्यक निर्देशन दिन सक्नेछन् ।

(३) उपभोक्ता संस्थाको हरेक बैठकमा सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था अद्यावधिक गरिनेछ ।

९. <u>उपभोक्ता संस्थाको बार्षिक साधारण सभा</u> : (१) हरेक वर्ष उपभोक्ता समितिहरुले सबै उपभोक्ता घरधुरीहरुलाई सहभागि गराई बार्षिक साधारण सभा गर्नेछन् । उक्त सभाले खानेपानी तथा सरसफाइ योजनाको बार्षिक प्रगती तथा आर्थिक प्रतिवेदन, सार्वजनिक परिक्षण प्रतिवेदन पारित गर्नेछ।

(२) साधारण सभाको निर्णय तथा प्रतिवेदनहरु वडा कार्यालय र नगरपालिका वास इकाईमा पेश गरिनेछ ।

(२) साधारण सभा सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाको विधानमा तोकिएबमोजिम हुनेछ ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१०. <u>उपभोक्ता संस्थाको कार्य सम्पादन:</u> उपभोक्ता संस्थाले कार्य सम्पादन गर्दा देहाय बिषयहरुलाई आफ्नो कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

**(क) धारा समूह गठन तथा परिचालन :**

(१) साना खाले मर्मत सम्भार, सरसफाइ व्यवस्थापन, घरबारी व्यवस्थापनको निरन्तरता लगायतका कार्यहरुलाई निरन्तरता दिनको लागि हरेक टोलमा सार्वजनिक धाराका उपभोक्ताहरुको सहभागितामा धारा समूह गठन गरि परिचालन गर्ने ।

(२) धारा समूहको बैठक नियमित रुपमा बसी खानेपानी तथा सरसफाइ योजनाको अवस्था, धाराको सरसफाइ, आवश्यक मर्मत सम्भार तथा घरबारी व्यवस्थापनको विषयमा छलफल गर्ने ।

**(ख) पूर्ण सरसफाइ** : शौचालयको नियमित प्रयोग, चाङ्ग, फोहर फाल्ने खाडल, खेर गएको पानीको सदुपयोग, सुधारिएको चुल्हो, हात धुने स्थान लगायतका संरचनाहरु निर्माण, प्रयोग, तथा पूर्ण सरसफाइका सबै सुचकहरु पुरा गर्नका लागि उपभोक्ताहरुलाई परिचालित तथा प्रोत्साहित गर्ने ।

**(ग) मर्यादित महिनावारी व्यवस्थापन** : महिलाहरु महिनावारी भएको समयमा धारा र चर्पी प्रयोग एवम् महिनावारीको समयमा हुने अन्य विभेदहरुको विरुद्धमा विभिन्न चेतनामूलक अभियान सञ्चालन गर्ने ।

**(घ) बातावरणीय सरसफाइ :**

(१) उपभोक्ता समितिले सबै घरधुरीहरुलाई खेर गएको पानीको उचित व्यवस्थापनको लागि पानी संकलन पोखरीहरु निर्माण गर्ने तथा उक्त पानीलाई करेसाबारीमा प्रयोग गर्न प्रेरित गर्ने,

(२) खेर गएको पानीको उचित व्यवस्थापन नगरी वातावरण प्रदुषित गर्ने तथा सडक वा बाटो फोहर गर्ने घरधुरीलाई दण्डित गर्ने ।

**(ङ) सरसफाइ तथा स्वच्छता अवस्थाको अनुगमन :**

(१) उपभोक्ता समितिले नियमित रुपमा व्यक्तिगत सरसफाइ, हातधुने अभ्यास, स्यानीटरी प्याडको प्रयोग तथा बिसर्जनको अवस्था लगायत घरेलु तथा वातावरणीय सरसफाइको अनुगमन गर्ने,

(२) सरसफाइ तथा स्वच्छता अवस्थाको प्रतिवेदन तथा कार्ययोजना वार्षिक साधारण सभामा पेश गर्ने ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

(च) **दस्तावेजीकरण** : उपभोक्ता समितिले लेखा सम्बन्धी दस्तावेज, योजनाको सम्झौता तथा डिजाइन प्रतिवेदन, उपभोक्ता समितिको निर्णय पुस्तिका, योजना खाता, आगन्तुक पुस्तिका, निर्माण सामाग्रीहरुको जिन्सी खाता, जगेडा पार्टपुर्जा, सामग्री तथा औजारहरुको अभिलेख दुरुस्त एवम् सुरक्षित रुपमा राखेछ ।

(छ) **प्रतिवेदन** :

(१) उपभोक्ता समितिले हरेक आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्र खानेपानी तथा सरसफाइ योजनाको भौतिक अवस्था सम्बन्धी प्रतिवेदन वडा कार्यालयमा पेश गर्ने र त्यसको बोधार्थ खानेपानी तथा सरसफाई उपभोक्ता समिति सञ्जाल तथा आवद्ध भएको सहकारी संस्थामा पेश गर्ने,

(२) उल्लिखित प्रतिवेदनमा नगरपालिका स्तरीय सूचना व्यवस्थापन प्रणालीमा भएका जानकारीहरु समावेश गर्नु पर्ने,

(३) कुनै प्रकारको आपतकालिन मर्मत सम्भार, सेवा विस्तार तथा अन्य आवश्यक सहयोगका विषयहरु समेत प्रतिवेदनमा समावेश हुनेछन्,

(ज) **पानीको सदुपयोग**:

(१) उपभोक्ता समितिले उपलब्ध पानीको अधिकतम् सदुपयोग गर्ने गरी पानी उपयोगको पद्धति स्थापना गर्ने,

(२) अनावश्यक रुपमा पानीको भण्डारण गर्ने, धाराहरु खुल्ला छोड्ने तथा खानेपानीको धाराबाट आउने पानी खेतबारीमा प्रयोग गर्ने कुरालाई निरुत्साहित गर्ने र

(३) विवाह लगायतका विषेश सामाजिक अवसरहरुमा उपभोक्ता समितिले अतिरिक्त शुल्क लिई वा नलिई अधिक पानी उपयोग गर्न अनुमति प्रदान गर्न सक्ने।

(झ) **श्रोत तथा संरचना संरक्षण** : उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ योजनाको दिगो व्यवस्थापनका लागि इन्टेक/श्रोत संरक्षण, जलाधार क्षेत्र संरक्षण, इन्टेक क्षेत्रको सरसफाइ व्यववस्थापन, पानी पुनर्भरण, योजनाका अन्य संरचना संरक्षण, बृक्षारोपण, वातावरण संरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धी कृयाकलापहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ञ) **पानीको गुणस्तर व्यवस्थापन :**

(१) वितरित पानीलाई सुरक्षित गर्नको लागि प्रत्येक खानेपानी तथा सरसफाइ योजनामा तोकिएको ढाँचामा खानेपानी सुरक्षा योजना तयार गरी लागू गर्ने र

(२) समय समयमा पानीको गुणस्तर जाँच गर्ने व्यवस्था मिलाउने ।

(ट) <u>**पानी महशुल**</u> :

(१) खानेपानी तथा सरसफाइ योजना निर्माणको समयमा नगद तथा श्रम योगदान नगर्ने वा नयाँ बसाइ सरी आउने घरधुरीलाइ उपभोक्ता समितिले तोकिएको शुल्क लिई खानेपानी उपभोक्तामा सहभागी गराउने,

(२) नीजि धारा भएका योजनाको हकमा धारा जडान गरिदिने,

(३) यस्तो शुल्क निर्धारण गर्दा योजना निर्माण गर्दा अन्य घरधुरीले गरेको नगद तथा श्रमलगानीको परिमाणलाई आधार बनाउन सकिने,

(४) हरेक उपभोक्ता समितिले मासिक रुपमा पानी उपभोग गरेबापत पानी महशुल निर्धारण गर्ने र

(५) यसरी पानी महशुल निर्धारण गर्दा योजनाको सञ्चालन खर्च तथा नियमित मर्मत सम्भार खर्च उठ्ने गरी निर्धारण गर्ने।

(ठ) **सुविधास्तर सुधार तथा विस्तार** : सार्वजनिक धारा भएका खानेपानी तथा सरसफाइ योजनाहरुलाई नीजि धारा प्रणालीमा स्तरोन्नती गर्ने ।

(ड) **मर्मत सम्भार कार्यकर्ताः**

(१) खानेपानी तथा सरसफाइ योजनाको नियमित सञ्चालन तथा मर्मत सम्भार प्रयोजनको लागि योजनामा कम्तिमा एकजना तालिमप्राप्त मर्मत सम्भार कार्यकर्ता नियुक्त गरी काममा लगाउने ।

(२) यस्तो मर्मत सम्भार कार्यकर्ता स्थानीय तथा बसाई सरी जाने सम्भावना कम भएको हुनुपर्दछ ।

(३) महिला तथा पिछडिएको वर्गको व्यक्तिलाई मर्मत सम्भार कार्यकर्ता नियुक्त गर्दा विषेश प्राथमिकता दिनु पर्नेछ ।

(४) उपभोक्ता समितिले मर्मत सम्भार कार्यकर्तालाई नियुक्ती पत्र तथा कामको विवरण समेत उपलव्ध गराई काममा लगाउनेछ ।

...र बहादुर पुन
...प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेद ६

## खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल सम्बन्धी व्यवस्था

११. **खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल गठन :** (१) नगरपालिका क्षेत्रभित्रका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको सहभागितामा नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संञ्जाल गठनका लागि नगरपालिका वास इकाईले सञ्जाल गठनमा सहजीकरण गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गठित सञ्जाल नगरपालिका वास इकाईमा दर्ता गर्नु पर्नेछ

(४) नगरपालिका भित्र रहेका सबै उपभोक्ता समितिहरु यस सञ्जालको सदस्य हुनेछन् ।

(५) सदस्यता तथा नवीकरण शुल्क सञ्जाल आफैले तोकेबमोजिम हुनेछ ।

१२. **खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको काम, कर्तव्य र अधिकार:** खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछन् ;

(क) सञ्जालका प्राथमीक जिम्मेवारीहरु:

(१) खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा मर्मत सम्भार लगायतका विषयहरुमा सवाल तथा समस्याहरु पहिचान गरी वास व्यवस्थापन समिति, नगर कार्यपालिका र नगरसभामा सो को समाधानको लागि उपभोक्ताहरुको तर्फबाट पैरबी गर्ने,

(२) सदस्य उपभोक्ता समितिहरुको दर्ता तथा नवीकरण एवम् सञ्चालन तथा भौतिक अवस्था अद्यावधिक गर्ने कार्यमा सहजीकरण गर्ने,

(३) नगरपालिकास्तरमा वास सूचना प्रणाली स्थापना तथा अद्यावधिक गर्नको लागि वास व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(४) योजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा वास व्यवस्थापन समितिलाई सहयोग तथा सहजीकरण गर्ने,

(५) नियमित रुपमा सञ्जालको बैठक बसी योजना मर्मत सम्भारका समस्याहरुको बारेमा छलफल गरी समाधान निकाल्ने तथा असल अभ्यासहरुको वारेमा छलफल गरी अन्य योजनामा समेत लागू गर्ने,

(ख) सञ्जालका अन्य जिम्मेवारीहरु (समय तथा स्रोतको आधारमा):

शेर बहादुर पुन
...प्रशासकीय अधिकृत

(१) खानेपानी तथा सरसफाइ योजना सञ्चालन तथा मर्मत सम्भारका सवालहरुमा दातृ निकाय तथा अन्य सरोकारवाला निकायमा पैरवी गर्ने,

(२) उपभोक्ता समितिलाई भरपर्दो सहकारीमा आवद्ध हुन प्रोत्साहित गर्ने,

(३) सबै उपभोक्ता समितिहरुको वार्षिक साधारण सभा भएको तथा उपभोक्ता समितिहरु सकृय भएको सुनिश्चित गर्ने,

(४) वास व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रमहरुमा सकृय सहभागि हुने तथा सदस्य उपभोक्ता समितिहरुलाई सहभागि हुन लगाउने,

## परिच्छेद ७

## उपभोक्ता समितिहरुको सहकारीमा आवद्धता सम्बन्धी व्यवस्था

१३. उपभोक्ता समितिहरुको सहकारीमा आवद्धता: (१) नगरपालिकाका सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई नगरपालिकामा रहेको विश्वासिलो सहकारीको शेयर सदस्य भई आफ्नो सञ्चालन तथा मर्मत सम्भार कोष सहकारीमा निक्षेप जम्मा राख्न प्रोत्साहित गरिनेछ ।

(२) उपभोक्ता समितिले सहकारीबाट योजनाको ठूलो वा आकस्मिक मर्मत कार्यमा आर्थिक सहयोग लिन सक्नेछन् ।

(३) उपभोक्ता समितिहरुले योजनाको ठूलो मर्मत, सेवा विस्तार लगायतका कार्यमा सहकारीबाट सुलभ व्याजदरमा कर्जा लिन सक्नेछन् र पानी महशुलबाट उक्त कर्जा फिर्ता गर्नेछन् ।

(४) सहकारीले उपभोक्ता समितिलाई आर्थिक व्यवस्थापन, लेखा व्यवस्थापन तथा साधारण सभाको आर्थिक प्रतिवेदन तयारी लगायतका विषयमा आवश्यकता अनुसार सहयोग गर्न सक्नेछन् ।

(५) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सदस्य हुने सहकारी संस्थाहरुलाई आपतकालीन मर्मत राहत कोष स्थापनाको लागि प्रोत्साहित गरिनेछ जसमा खुद मुनाफाको निश्चित अंश उक्त कोषमा जम्मा गर्ने प्रावधान संस्थाको विनियममा उल्लेख गर्न प्रेरित गरिनेछ । यस्तो रकम दैवी विपत्तीबाट योजनामा क्षति हुन गएमा यस वापत भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।

(६) सहयोगको प्रकार तथा परिमाण सहकारीको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

... बहादुर पुन
...प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेद ८

### विविध

१४. **विशेषाधिकार** : यस कार्यविधिमा भएका दफाहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा रहनेछ ।

१५. **कार्यविधिको कार्यान्वयन तथा पालना** : नगरसभाका सबै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा सम्वद्ध सबैले यो कार्यविधिको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

१६. **निष्कृयता** : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसुची १

*(दफा ३ को खण्ड (छ) को प्रयोजनका लागि)*

# खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वार्षिक मूल्यांकन फाराम

..........................................नगरपालिका

..........................................जिल्ला..........................................प्रदेश

**खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन मूल्यांकन फाराम**

आ.व.:..............................

योजनाको नाम:.........................................  दर्ता नं.  लाभान्वित घरधुरी संख्या:..............

..............

ठेगाना :...................................

**योजनाको न्यूनतम ग्राह्यता मापन**

| योजनाको सञ्चालन अवस्था | | अवस्था | आधार |
|---|---|---|---|
| क) | पूर्ण रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| ख) | आंशिक रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |
| ग) | बन्द | छ/छैन | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन |

*बन्द भएको योजनाको थप मूल्याङ्कन गरिने छैन ।*

के योजना थप मूल्याङ्कनका लागि योग्य छ ?............

| क्र सं. | सुचकांक | पूर्णाङ्क | प्राप्ताङ्क | अंक दिने आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | **योजनाको सञ्चालन अवस्था** | १० | | | |
| | पूर्ण रुपमा सञ्चालित | १० | | | |
| | आंशिक रुपमा सञ्चालित | ५ | | | |
| २ | **उपभोक्ता समिति दर्ता तथा नवीकरण** | ३ | | | |
| ३ | **उपभोक्ता समितिमा पूर्णता** | ३ | | | |
| ४ | **उपभोक्ता समिति सञ्जालमा आवद्धता** | ३ | | | |
| ५ | **बार्षिक साधारण सभा गरिएको** | ३ | | | |
| ६ | **उपभोक्ता समितिको नियमित बैठक** | ५ | | | |
| | नियमित | ५ | | | |
| | आवश्यकता अनुसार | २ | | | |
| | कहिले पनि बस्दैन | ० | | | |
| ७ | **मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन** | ५ | | | |
| ८ | **जगेडा पार्टपूर्जा र औजार व्यवस्थापनको पद्धति भएको** | ५ | | | |
| ९ | **सञ्चालन तथा मर्मत सम्भार कार्यविधि तर्जुमा भएको** | ५ | | | |
| १० | **खानेपानी सुरक्षा योजना तर्जुमा भएको** | ५ | | | |
| ११ | **सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन** | ५ | | | |

शेर बहादुर पुन



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दुबै | ५ | | | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | २।५ | | | | |
| | खानेपानी सुरक्षा योजनाको मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | २।५ | | | | |
| | कुनै पनि नभएको | ० | | | | |
| १२ | **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण** | ५ | | | | |
| | राम्रो | ५ | | | | |
| | मध्यम | २ | | | | |
| | कमजोर | ० | | | | |
| १३ | **सहकारीमा संस्थामा आबद्धता** | ५ | | | | |
| १४ | **नियमित पानी शुल्क संकलन भएको** | ५ | | | | |
| १५ | **कृयाशील सञ्चालन तथा मर्मत सम्भार कोषको अवस्था** | ५ | | | | |
| | स्थानीय स्तरमा लगानी | ५ | | | | |
| | नगद | ० | | | | |
| | बैंक | २ | | | | |
| | सहकारी संस्था | ५ | | | | |
| १६ | **परिमाण, पहुंच, बिश्वसनीयता, गुणस्तर** | ८ | | | | |
| | परिमाण (प्रति व्यक्ति प्रति दिन ४५ लिटर पानी) | २ | | | | |
| | पहुंच (पानी ल्याउन आउदा जाँदा लाग्ने समय १५ मिनेट) | २ | | | | |
| | बिश्वसनीयता (वर्ष भरि धारामा पानी आईरहने) | २ | | | | |
| | गुणस्तर (पानीमा जैविक प्रदुषण नभएको) | २ | | | | |
| १७ | **महिनावारी भएको बेला चर्पीको प्रगोग** | ५ | | | | |
| | सबै घरधुरीले गर्दछन् | ५ | | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गर्दछन् | ३ | | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गर्दछन् | १ | | | | |
| | कुनै पनि घरधुरीले गर्दैनन् | ० | | | | |
| १८ | **महिनावारी भएको बेला धाराको प्रगोग** | ५ | | | | |
| | सबै घरधुरीले गर्दछन् | ५ | | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गर्दछन् | ३ | | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गर्दछन् | १ | | | | |
| | कुनै पनि घरधुरीले गर्दैनन् | ० | | | | |
| १९ | **पूर्ण सरसफाइ व्यवस्थापन (सबै सुचकहरु पुरा भएको)** | ५ | | | | |
| | सबै घरधुरीले गरेको | ५ | | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गरेको | ३ | | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गरेको | १ | | | | |
| | कुनै पनि घरधुरीले नगरेको | ० | | | | |

CS CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | **घरबारी व्यवस्थापन** | ५ | | | | |
| | सबै घरधुरीले गरेको | ५ | | | | |
| | ५० देखि ९९ प्रतिशत घरधुरीले गरेको | ३ | | | | |
| | १ देखि ४९ प्रतिशत घरधुरीले गरेको | १ | | | | |
| | कुनै पनि घरधुरीले नगरेको | ० | | | | |
| **जम्मा** | | १०० | | | | |

<u>मूल्याङ्कन समितिका सदस्यहरुको हस्ताक्षर, नाम, पद, कार्यालय र मिति</u>

१

२

३

मिति:

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत